जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ७७ • २०८३ साल साउन २० गते बुधबार (5 August, Wednesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## मोटरसाइकल दुर्घटना, दुईजनाको मृत्यु

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको महदेवा गाउँपालिका-१ चिमटीस्थित हुलाकी राजमार्गमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ।

पकरीबाट बथनाहातर्फ जाँदै गरेको स ०१-००६ प २४९६ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ कल्भर्टमा ठोक्किँदा चालक स्थानीय ३५ वर्षीय सन्तोष राम र पछाडि सवार रहेका ४५ वर्षीय शंकर रामको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सप्तरी प्रहरीले दिएको जानकारी अनुसार दुर्घटनामा गम्भीर घाइते भएका दुबै जनालाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल लगिएको थियो। अस्पतालमा चिकित्सकले सन्तोष रामलाई मृत घोषणा गरेका थिए। घाइते शंकर रामलाई थप उपचारका लागि विराटनगर स्थित गोल्डेन अस्पताल रेफर गरिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए।

सो दुर्घटनाको कारण भने खुल्न नसकेको सप्तरी प्रहरीले जनाएको छ। सो घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### गोलबजार घटनाको उच्चस्तरीय छानबिन शुरु

# कोशी-मधेशका घटनाको निष्पक्ष छानबिनका लागि न्यायिक समिति गठनको माग

**टुडे समाचारदाता**

जनकपुरधाम। कोशी प्रदेशको सुनसरी जिल्लामा पर्ने कप्तानगञ्ज तथा मधेश प्रदेशका विभिन्न जिल्लामा भएका साम्प्रदायिक तनाव र हिंसात्मक घटनाको निष्पक्ष छानबिनको विषयले राजनीतिक र प्रशासनिक दुवै तहमा प्राथमिकता पाएको छ। एकातिर गृह मन्त्रालयद्वारा गठित उच्चस्तरीय छानबिन समितिले सिरहाको गोलबजार घटनाको अध्ययन औपचारिक रूपमा शुरु गरेको छ भने अर्कोतर्फ प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समिति गठन गर्न सरकारसंग माग गरेको छ।

गृह मन्त्रालयद्वारा गठित सहसचिव पुष्पराज शाही नेतृत्वको उच्चस्तरीय छानबिन समितिले सिरहाको गोलबजारमा भएको प्रदर्शन तथा त्यसक्रममा भएको हिंसात्मक घटनाको स्थलगत अध्ययन शुरु गरेको छ। समितिले घटनाको वस्तुगत अध्ययन, प्रमाण संकलन, सरोकारवालासंग छलफल तथा घटनाको पृष्ठभूमिको विश्लेषण गर्ने कार्य अघि बढाएको जनाएको छ।

प्रारम्भिक चरणमा समितिले घटनास्थलको अवलोकन गरी तथ्य संकलन गरेको छ। त्यसपछि गोलबजार नगरपालिकामा सर्वदलीय बैठक आयोजना गरी जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय सरोकारवालासँग घटनाका विभिन्न पक्षबारे जानकारी लिएको समितिका संयोजक पुष्पराज शाहीले बताए।



समितिले आन्दोलनबाट प्रभावित व्यवसायीसंग छुट्टै छलफल गरी उनीहरूको भौतिक तथा आर्थिक क्षतिबारे जानकारी लिएको छ। यसका साथै मुस्लिम समुदायका प्रतिनिधिसंग पनि अलग बैठक गरी घटनाको कारण, त्यसले स्थानीय समाजमा पारेको प्रभाव तथा आगामी दिनमा सामाजिक सद्भाव कायम गर्ने उपायबारे छलफल गरिएको उनले जानकारी दिए।

संयोजक शाहीले जनाए अनुसार समितिको मुख्य उद्देश्य आन्दोलनका क्रममा सुरक्षाकर्मीले गोली चलाउनुपर्ने अवस्था किन सिर्जना भयो भन्ने यथार्थ पत्ता लगाउनु, घटनाको समग्र पृष्ठभूमि अध्ययन गर्नु तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक नीतिगत र व्यवहारिक सुझावसहित प्रतिवेदन तयार गर्नु हो। अध्ययन सम्पन्न भएपछि विस्तृत प्रतिवेदन गृह मन्त्रालयमा बुझाइने उनले बताए। यसैबीच आन्दोलनका क्रममा स्थानीय व्यवसायी तथा सर्वसाधारणको सम्पत्तिमा पुगेको क्षतिको विवरण संकलन गर्ने काम जिल्ला प्रशासन कार्यालय सिरहाले गरिरहेको छ। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जनाए अनुसार क्षतिग्रस्त घर, पसल तथा अन्य संरचनाको मुचुल्का तयार गर्ने, मूल्यांकन गर्ने तथा वास्तविक क्षतिको तथ्यांक संकलन गर्ने कार्य जारी छ।

गोलबजारमा भएको प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोली लागेर सिरहाको औरही गाउँपालिका-२ मा पर्ने तुल्सीपुरका १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। सोही घटनामा धनुषाको धनुषाधाम नगरपालिका-८ मा पर्ने धारापानी कुम्हराका १९ वर्षीय सुभाष ठाकुर घाइते भएका थिए। घटनापछि स्थानीय क्षेत्रमा तनाव उत्पन्न भएको थियो भने निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग उठ्दै आएको छ।

यता प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले कोशी प्रदेशको सुनसरी तथा मधेश प्रदेशको सिरहा, धनुषा, पर्सा, सप्तरीलगायत जिल्लामा भएका घटनाको निष्पक्ष अनुसन्धानका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक आयोग गठन गर्न सरकारसंग माग गरेको छ।

प्रतिनिधिसभाको मंगलबार बसेको बैठकमा पार्टीका तर्फबाट धारणा राख्दै एमाले सांसद गुरु बरालले घटनाको सत्यतथ्य सार्वजनिक गर्न तथा दोषीलाई कानुनी दायरामा ल्याउन स्वतन्त्र र विश्वासयोग्य न्यायिक समिति आवश्यक रहेको बताए।

उनले घटनामा चार जनाको ज्यान गएको उल्लेख गर्दै त्यसको नैतिक जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीले लिनुपर्ने अवस्था आएको बताए।

सांसद बरालले भने, 'चार जना मृतकहरूको हत्याको जिम्मा गृहमन्त्री र प्रधानमन्त्रीले नैतिक रूपमा लिनुपर्ने आवश्यकता बनेको छ। सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक आयोग गठन गरी निष्पक्ष छानबिन अघि बढाउनुपर्छ।'

सरकारले गठन गरेको प्रशासनिक छानबिन समिति पर्याप्त नभएको दाबी गर्दै उनले न्यायिक अधिकारसहितको स्वतन्त्र आयोगमार्फत मात्रै घटनाको वास्तविकता बाहिर आउन सक्ने बताए। उनले घटनामा प्रभावित भएका स्थानीयको घर, पसल तथा अन्य निजी सम्पत्तिको उचित क्षतिपूर्ति उपलब्ध गराउन र दोषीमाथि कानुनी कारबाही गर्न पनि सरकारसँग माग गरे।

## देवानगञ्ज घटनामा थप एकजनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। कोशी प्रदेशको सुनसरीको देवानगञ्जमा भएको घटनामा थप एक जनाको मृत्यु भएको छ।

काठमाण्डुको शिक्षण अस्पतालमा उपचारको क्रममा मंगलबार देवानगञ्ज गाउँपालिका-१ का २२ वर्षीय रवीन्द्र मेहताको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका डिएसपी पुष्पराज मल्लले जानकारी दिए।

साउन १० गते दुई पक्षबीच तनावपछि सुरक्षा निकायको गोली लागेर उनी घाइते भएका थिए।

यससंगै कोशी प्रदेश र मधेश प्रदेशमा भएको घटनामा ज्यान गुमाउनेको संख्या चार पुगेको छ।

सुनसरीमा यसअघि जयप्रकाश मेहता, ओमप्रकाश मेहताको र सिरहामा गणेश यादवको मृत्यु भएको थियो। तीनै जनाको परिवारसंग सरकारले सम्झौता गरिसकेको छ।

थप एक जनाको ज्यान गएपछि हुन सक्ने तनावलाई मध्यनजरमा गर्दै सुरक्षा निकायले समन्वय गरिरहेको जनाएको छ।

# नेपालको विरोधलाई बेवास्ता गर्दै लिपुलेक नाकाबाट भारत-चीन व्यापार पुनः सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालको निरन्तर कूटनीतिक विरोधका बाबजुद भारत र चीनले विवादित लिपुलेक पास हुँदै द्विपक्षीय सीमा व्यापार पुनः सञ्चालन गरेका छन्। कोभिड-१९ महामारीपछि करिब छ वर्ष बन्द रहेको सो व्यापार शनिबारदेखि औपचारिक रूपमा पुनः शुरु भएको छ। नेपालले भने लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्र नेपालको अभिन्न भूभाग रहेको आफ्नो पूर्ववत् अडान दोहोर्‍याउँदै आएको छ।




लिपुलेक पास नेपालको पश्चिमोत्तर सीमास्थित लिम्पियाधुराबाट करिब ५६ किलोमिटरभित्र पर्ने क्षेत्र हो। नेपालले यस भूभागलाई आफ्नो सार्वभौम क्षेत्र मान्दै आएको भए पनि भारतले प्रशासनिक नियन्त्रण कायम राखेको छ। चीनसंगको व्यापार तथा कैलाश मानसरोवर यात्राका लागि भारतले यही मार्ग प्रयोग गर्दै आएको छ।

भारतीय सञ्चारमाध्यमले जनाए अनुसार व्यापार पुनः सञ्चालनको पहिलो दिन १६ जना भारतीय व्यापारी चार जना सहयोगीसहित लिपुलेक नाका पार गरेर चीनको तिब्बतस्थित ताक्लाकोट पुगेका थिए। चिनियाँ सुरक्षाकर्मीले आवश्यक सुरक्षा जाँचपछि उनीहरूलाई प्रवेश अनुमति दिएका थिए।

पिथौरागढ प्रशासनले यस वर्ष तिब्बतसंग व्यापार गर्न १३४ जना भारतीय व्यापारीलाई अनुमति प्रदान गरेको छ। तर प्रारम्भिक चरणमा चीनले २० जनालाई मात्र प्रवेश अनुमति दिएको बताइएको छ। व्यापारीहरूको पहिलो टोलीले आवश्यक खरिद तथा व्यापारिक प्रक्रिया पूरा गरेपछि दुवै देशका अधिकारीबीचको समन्वयअनुसार दोस्रो चरणको व्यापारिक आवागमन तय गरिनेछ।

दुबै देशले यसअघि जुन १ देखि व्यापार पुनः सञ्चालन गर्ने तयारी गरेका थिए। तर अनुमति पत्र (पास) वितरण, मुद्रा विनिमयका लागि बैंकको व्यवस्था, भन्सार प्रणाली, सुरक्षा प्रबन्ध, सञ्चार सुविधा, व्यापारीका लागि ट्रान्जिट क्याम्प, आवास तथा स्वास्थ्य सेवाको तयारी पूरा गर्न समय लागेकाले व्यापार ढिलो गरी सुरु गरिएको भारतीय अधिकारीहरूले बताएका छन्।

धार्चुलाका जिल्ला व्यापार अधिकृत आशिष जोशीले जनाए अनुसार व्यापारीहरूको पहिलो टोलीले आवश्यक सामान खरिद र ढुवानीको प्रक्रिया पूरा गरेपछि चिनियाँ अधिकारीहरूसंगको समन्वयमा दोस्रो टोली पठाइनेछ। उनको अनुसार सीमा क्षेत्रका दुवैतर्फ सडक पूर्वाधार तयार भइसकेकाले यसपटक व्यापारिक ढुवानी अघिल्लोभन्दा सहज हुनेछ।

पिथौरागढका स्थानीय पत्रकार प्रेम पुनेठाले यसपटक व्यापारिक सामानको ढुवानी पहिलो पटक अधिकांश दूरीमा सवारी साधनमार्फत हुने जानकारी दिए। सीमा क्षेत्रमा सुरक्षा तथा प्रशासनिक नियमका कारण करिब ५०० मिटर दूरीसम्म भने याक, घोडा वा खच्चडको प्रयोग गरेर सामान ओसारिनेछ। त्यसपछि बाँकी सम्पूर्ण दूरीमा सडकमार्फत सवारी साधन प्रयोग गरिनेछ।

भारत-चीन सीमा व्यापार सम्झौताअनुसार भारतले चीनबाट उन, पशिमना, नुन, रेशम, मक्खन, याकको रौं तथा छाला लगायतका सामग्री आयात गर्न पाउँछ।

त्यस्तै भारतले कपडा, कम्बल, मसला, पीठो, सुख्खा मेवा, तरकारी, तामाका सामग्री, कृषि उपकरण, स्टेशनरी, जुत्ता तथा वनस्पति तेलजस्ता वस्तु चीनतर्फ निर्यात गर्न पाउने व्यवस्था छ।

यस वर्ष भारतले यही लिपुलेक मार्ग प्रयोग गरेर कैलाश मानसरोवर जाने तीर्थयात्रीहरूलाई पनि चीनतर्फ पठाएको थियो। उक्त निर्णयप्रति नेपालले भारत र चीन दुवैसँग कूटनीतिक माध्यमबाट औपचारिक विरोध जनाएको थियो।

नेपाल सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको अभिन्न भूभाग भएको आफ्नो अडान पुनः दोहोर्‍याएको छ। गत वैशाख २० गते परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीको पूर्वतर्फ पर्ने सम्पूर्ण भूभाग नेपालको रहेको स्पष्ट पारेको थियो।

मन्त्रालयले नेपाली भूमि हुँदै सञ्चालन हुने कैलाश मानसरोवर यात्राप्रति पनि आफ्नो गम्भीर सरोकार रहेको उल्लेख गर्दै भारत र चीन दुवै सरकारलाई कूटनीतिक माध्यमबाट नेपालको धारणा पुनः अवगत गराएको जनाएको थियो। परराष्ट्र मन्त्रालयका अधिकारीहरूले पनि नेपालको पूर्ववत् अडानमा कुनै परिवर्तन नभएको बताएका छन्।

लिपुलेक विवाद भने नयाँ विषय होइन। सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा भारत र चीनबीच लिपुलेक हुँदै व्यापार विस्तार गर्ने सहमति भएपछि नेपालले तत्काल विरोध जनाएको थियो। तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले दुवै देशलाई कूटनीतिक नोट पठाएर नेपालको सहमतिबिना नेपाली भूमि सम्बन्धी कुनै पनि निर्णय स्वीकार्य नहुने स्पष्ट गरेको थियो।

त्यसपछि पनि भारतले उक्त क्षेत्रमा सडक निर्माण गर्दा नेपालले विरोध जनाएको थियो। सन् २०१९ मा भारतले सार्वजनिक गरेको नयाँ राजनीतिक नक्सामा लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई भारतीय भूभागभित्र समेटेपछि दुई देशबीचको सीमा विवाद थप चर्किएको थियो।

भारतले नेपालको आपत्तिलाई सम्बोधन नगरेपछि नेपालले जेठ २०७७ मा संविधान संशोधन गरी लिम्पियाधुरासम्मको भूभाग समेटिएको नयाँ राष्ट्रिय नक्सा जारी गरेको थियो। त्यसयता नेपालले सीमा विवाद कूटनीतिक वार्तामार्फत समाधान गर्नुपर्ने अडान राख्दै आएको भए पनि भारतले लिपुलेकमार्फत व्यापार र कैलाश मानसरोवर यात्रा सञ्चालनलाई निरन्तरता दिएको छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# चार जनाको ज्यान गयो, जिम्मेवार को ?

गत हप्ता सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकास्थित कप्तानगञ्जमा भएको घटनामा घाइते भएका थप एकजनाको मृत्यु भएको छ । यो समेत कप्तानगञ्जमा मृत्यु हुनेको संख्या ३ पुगेको छ । सिरहा जिल्लाको गोलबजारमा भएको घटना समेत ४ जनाको ज्यान गएको छ । मृत्यु हुने चारैजना युवा (जेन- जी )छन् । उनीहरुले एउटा समुदायको विरोधमा नाराबाजी गरिरहेका थिए । प्रदर्शनमा थुप्रै हिन्दूहरुको सहभागिता थियो । प्रदर्शनलाई रोक्न सक्रिय रहेको सुरक्षाकर्मी भएकै तर्फबाट गोली चल्यो । त्यसक्रममा आधा दर्जन बढीलाई गोली लागेको थियो । गोली लागेकाहरु मध्ये पछिल्लो पटक उपचारको क्रममा मृत्यु भएका युवकसहित चार जना पुगेको छ । घटनाको लागि छानबिन समिति गठन भएको छ । गृहमन्त्री सुधन गुरुंग घटनास्थलमै पुगेर छानबिन समितिको विषयमा पीडितहरुलाई विश्वास दिलाएका थिए । तर घटनाको झण्डै दुई हप्ता पुग्न लाग्दा समेत छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरिएको छैन । नेपालमा दुई समुदायबीच पहिलो पटक सुनसरीको कप्तानगञ्जमा विवाद भएको होइन् । तराई मधेशको प्रायः सबै जिल्लाहरुमा भएको हो । त्यो हरेक वर्ष भइरहन्छ । खासगरी हिन्दूहरुको पर्वतिहारको बेला यस्ता घटनाहरुमा बृद्धि हुने गरेको छ । नेपालमा हिन्दूहरुको संख्या झण्डै ९० प्रतिशत छ । मुसलमानहरुको संख्या नेपालमा ५ प्रतिशत छ । अल्पसंख्यक मुसलमानको पर्व, तिहारहरुमा कुनै झैंझगडा र विवाद हुँदैन । हिन्दूहरुको पर्व, तिहारको बेला झैंझगडा हुनुको कारण राज्यले खोतल्नु आवश्यक छ । दुई समुदायबीच विवाद हुँदै हिंसात्मक घटनामा परिणत हुनु सामान्य विषय होइन । एक पटक कुनै एउटा जिल्लामा मात्र नभइ यस्तो घटना कयौं जिल्लामा पटक पटक हुने गर्छ । हरेक पटक घटना हुँदा स्थानीय प्रशासनले सर्वदलीय बैठक गरी सद्भाव कायम गर्न विभिन्न बुँदाहरु राखेर सहमति गराउँछ । तर घटनामा संलग्न दोषीहरुलाई कुनै कारबाही गरिदैन । घटनाका दोषीहरुले पटक पटक उन्मुक्ति पाउँदा नै घटना दोहरिन थालेको छ । सामाजिक सद्भाव, जातिय सद्भाव, धार्मिक सद्भावलगायतलाई खल्बलाउने तत्वहरुलाई तत्काल पहिचान गरी कारबाही गरिए घटनामा धेरै हदसम्म कमी आउन सक्छ । कुनै पनि अपराधिलाई कुनै पनि अपराधमा उन्मुक्ति दिन हुँदैन । हिन्दू र मुसलिमबीच हुने घटनाको प्रमुख कारण दोषीलाई कारबाही नहुनु नै हो । सुनसरी र सिरहा जिल्लामा भएको घटनामा संलग्न भएकाहरुलाई छानबिन गरी दोषी ठहरिनेलाई कानुन सम्मत कारबाही हुन आवश्यक छ । छानबिन समितिको प्रतिवेदन र त्यो भन्दा पनि न्यायिक छानबिन समिति गठन गरी घटनाको छानबिन गर्नु पर्छ । गोली चलाउने अवस्था नरहेको भए प्रहरीबाट नै गोली चले पनि गोली चलाउने र आदेश दिने अधिकारीलाई समेत कारबाहीको दायरामा ल्याउनु पर्छ ।

# हिंसा होइन, संवादबाट लोकतन्त्र बलियो हुनेछ



● डा. केदार कार्की

काठमाडौंको माईतीघर मण्डला देखि संसद भवनसम्म हुने गरेकाविरोध प्रदर्शनमा देखिएका तनाव, टकराव र हिंसात्मक घटनाहरू केवल कानून र व्यवस्थाको विषय मात्र होइनन्, तर आजको युगमा लोकतन्त्रको परिपक्वतामाथि पनि गम्भीर प्रश्न उठाउँछन्। प्रहरी र प्रदर्शनकारीहरू बीचको झडप, ब्यारिकेड तोड्ने प्रयास, मेट्रो स्टेशनहरूमा जबरजस्ती प्रवेश गर्ने प्रयास, प्रहरीको लाठीचार्ज र अश्रुग्यासको प्रयोग - यी सबै दृश्यहरूलाई अहिंसा, संवाद र संवैधानिक मान्यताहरूमा आधारित लोकतान्त्रिक संस्कृतिसँग मेल खाने गरी मान्न सकिँदैन।

यदि हामीले हिंसा, टकराव र अराजकता मार्फत असहमति व्यक्त गर्न जारी राख्यौं भने, लोकतन्त्रको आत्मा कमजोर हुनेछ। लोकतन्त्रको बल सडक शक्ति प्रदर्शनमा होइन, तर विचारहरूको शक्ति, संवादको संस्कृति र संवैधानिक प्रक्रियाहरूमा निहित छ। धर्ना (विरोध) को क्रममा, प्रधानमन्त्रीको निवास नजिकै साथी सांसदहरूसँग अचानक धर्ना र राजनीतिक संघर्षको मञ्चको रूपमा संसदको सट्टा सडकको प्रयोगले धेरै गम्भीर प्रश्नहरू उठाउँछ।

भारतमा संसद चलो मार्चको क्रममा तथाकथित "काँक्रोच जनता पार्टी" का विद्यार्थी र कार्यकर्ताहरूले तनावपूर्ण, अराजक र हिंसात्मक वातावरण सिर्जना गरेको घटनाले केही राजनीतिक शक्तिहरू नेपालमा जस्तै अराजक अवस्था सिर्जना गर्न तल्लिन रहेको आशंका बढाएको थियो। केही कमजोरीहरूको बावजुद सरकारी सतर्कता र सुरक्षा एजेन्सीहरूको समयमै कारबाहीले दिल्लीलाई लामो समयसम्म हिंसा र अशान्तिको चपेटामा पार्न सक्ने ठूलो संकटलाई टार्न सफल भयो।

लोकतन्त्रमा, असहमति र विरोध गर्ने अधिकार निर्विवाद छ, तर यसको स्थान संसद, संवाद र संवैधानिक संस्थाहरूमा हुन्छ, सडक भिडन्त र अराजकतामा होइन। यदि विपक्षीले बारम्बार यस्ता आन्दोलनहरूलाई प्रोत्साहन गर्छ भने, यसले स्वाभाविक रूपमा प्रश्न उठाउँछ कि यसको उद्देश्य लोकतान्त्रिक बहसलाई सुदृढ पार्नु हो वा राजनीतिक ध्रुवीकरण र अस्थिरतालाई बढावा दिनु हो। जनताले सबै दलहरूले संसदलाई सर्वोच्च मञ्च मान्ने र त्यहाँ जवाफदेहिता सुनिश्चित गर्ने अपेक्षा गर्छन्। नेपालको संविधानले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार र शान्तिपूर्ण र निहत्था भेला हुने अधिकारको ग्यारेन्टी गरेको छ। यो अधिकार लोकतन्त्रको सबैभन्दा ठूलो विशेषता हो।

तर हरेक अधिकार कर्तव्य र मर्यादासँगै हुन्छ। विरोध प्रदर्शन गर्नु लोकतान्त्रिक अधिकार हो, तर सार्वजनिक सम्पत्तिलाई क्षति पुऱ्याउने, प्रहरीसँग झडप गर्ने, हिंसा भड्काउने वा आम नागरिकको जीवनमा बाधा पुऱ्याउने कामलाई कुनै पनि अर्थमा लोकतान्त्रिक व्यवहार मान्न सकिँदैन। यदि कुनै आन्दोलनले आफ्नो नैतिक शक्ति गुमायो भने, त्यसको मागले सामाजिक सहानुभूति पनि गुमाउँछ। यो पनि उत्तिकै सत्य हो कि लोकतन्त्रले जनताको लागि मात्र नभई सरकारको लागि पनि जवाफदेहिता जनाउँछ।

सरकारले आन्दोलनहरूलाई केवल कानून व्यवस्थाको समस्याको रूपमा मात्र हेर्नु हुँदैन। जब कुनै पनि समूह, विशेष गरी युवा र विद्यार्थीहरूमा असन्तुष्टि उत्पन्न हुन्छ, समयमै समाधान खोज्ने प्रयास गर्नुपर्छ। संवादको ढोका जति चाँडो खुल्छ, द्वन्द्वको सम्भावना त्यति नै कम हुन्छ। लोकतन्त्रमा, सरकारको सबैभन्दा ठूलो शक्ति यसको धैर्य, संवेदनशीलता र संवादमा संलग्न हुने तत्परतामा निहित हुन्छ। इतिहासले साक्षी दिन्छ कि नेपालमा धेरैजसो सफल जनआन्दोलनहरू अहिंसा र संवादको शक्तिबाट प्राप्त भएका छन्।

यसको विपरीत, जहाँ जहाँ आन्दोलनहरूले हिंसाको सहारा लिए, तिनीहरूको मूल उद्देश्य पछाडि छोडियो, र छलफलहरू हिंसामा सीमित भए। आजको सबैभन्दा ठूलो प्रश्न यो हो: देशका साधारण र निर्दोष मानिसहरू र युवाहरूलाई हिंसातर्फ धकेल्ने शक्तिहरू के हुन्? कुन तत्वहरूले आन्दोलनहरूको दिशा परिवर्तन गर्छन् र तिनीहरूलाई अराजकतामा परिणत गर्छन्? यो सरकारको मात्र नभई सम्पूर्ण समाजको चिन्ताको विषय हुनुपर्छ। लोकतन्त्रमा असहमति स्वाभाविक हो, तर यदि राष्ट्रविरोधी, अराजक वा हिंसात्मक तत्वहरू असहमतिको मञ्चमा सक्रिय हुन्छन् भने, तिनीहरूलाई नियन्त्रण गर्नु पनि लोकतान्त्रिक प्रणालीको अनिवार्य जिम्मेवारी बन्छ। अभिव्यक्ति स्वतन्त्रताको अर्थ अराजकताको स्वतन्त्रता हुन सक्दैन। संसद लोकतन्त्रको सर्वोच्च मन्दिर हो।

हाम्रो माइतीघर मण्डला लोकतान्त्रिक विरोधको प्रतीक हो। यदि यी दुई बीच हिंसा, तोडफोड र अराजकता फैलियो भने, यो केवल राजधानीमा भएको घटना मात्र होइन, देश र विश्वभर हाम्रो लोकतन्त्रको छविमा पनि असर पार्छ। लोकतन्त्रको गरिमा को बढी आक्रामक छ भन्नेमा होइन, तर को बढी संयमी र जिम्मेवार छ भन्नेमा निहित छ। राजनीतिक दलहरूले पनि आत्मनिरीक्षण गर्नुपर्छ। सत्तारुढ दल र प्रतिपक्ष लोकतन्त्रका दुई पाङ्ग्रा हुन्। यदि दुई बीचको संवाद समाप्त भयो भने, लोकतन्त्र द्वन्द्वको अखाडा बन्नेछ। प्रतिपक्षको जिम्मेवारी विरोध गर्नु मात्र होइन, रचनात्मक विकल्पहरू प्रदान गर्नु पनि हो। त्यस्तै, सरकारको जिम्मेवारी शक्ति प्रदर्शन गर्नु मात्र होइन, असहमतिको कुरालाई सम्मानपूर्वक सुन्नु पनि हो।

लोकतन्त्रमा पूर्ण विजय वा पूर्ण हार हुँदैन; अन्ततः, हाम्रो आशा छ कि विरोध प्रदर्शनमा हिंसा र द्वन्द्वलाई बढावा दिने शक्तिहरूले बुद्धि पाउनेछन्। सबै पक्षहरूले संवादको लागि टेबलमा बस्नुपर्छ, तर्क, तथ्य र संवैधानिक मर्यादाका साथ आफ्ना विचारहरू प्रस्तुत गर्नुपर्छ र समाधानको बाटो खोज्नुपर्छ।

प्रधानमन्त्री बालेन शाहले नेपालको बागडोर सम्हालेदेखि नै उनी आफ्नै इच्छाअनुसार देश चलाइरहेका छन्। र्‍यापरदेखि राजनीतिज्ञ र त्यसपछि सिधै प्रधानमन्त्री पदसम्म, बालेन शाहले न त राष्ट्रपतिसँग परामर्श गरिरहेका छन् न त नेपाली सर्वोच्च अदालतको परम्परा पालना गरिरहेका छन्। यसले विपक्षी नेताहरूमा ठूलो आक्रोश पैदा गरेको छ। यसबाहेक, उनीमाथि सर्वोच्च अदालतमा हस्तक्षेप गरेको र तीन न्यायाधीशलाई राजीनामा दिन दबाब दिएको आरोप लागेको छ। मानव अधिकार संस्थाहरूले बालेन शाहमाथि यी आरोप लगाएका छन्। विपक्षी नेताहरूले बालेन शाहको व्यवहारको कडा आलोचना गर्दै प्रधानमन्त्रीको व्यवहारले नेपालको राजनीतिक परिदृश्य परिवर्तन गरिरहेको बताएका छन्।

सुनसरी जिल्लामा साम्प्रदायिक हिंसा र निष्कासनको विरोधमा राजधानीमा भइरहेको विरोध प्रदर्शनबाट उत्पन्न भएको हो, जसमा आलोचकहरूले प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको सल्लाहकार टोली र मन्त्रिपरिषद्को पृष्ठभूमिमाथि प्रश्न उठाइरहेका छन्। प्रतिनिधिसभाका विपक्षी दलहरूले ढिलाइ भएको कारबाही र भारी प्रहरी प्रशासनलाई उद्धृत गर्दै प्रधानमन्त्री बालेन र गृहमन्त्री सुधन गुरुङको राजीनामा माग गरेका छन्। चिन्ता नेतृत्व र परामर्शमाथि छ।

आलोचक र विश्लेषकहरूले गृहमन्त्री सुधन गुरुङ र पूर्वाधार मन्त्री सुनील लम्साल लगायत केही मन्त्रीहरूलाई प्रणालीगत शासनभन्दा क्रोधित सार्वजनिक मुद्रा र सामाजिक सञ्जालका अभिव्यक्तिहरूलाई प्राथमिकता दिएको आरोप लगाएका छन्।विपक्षीहरू र सार्वजनिक बहसले केही चुनिएका मन्त्रिपरिषद् सदस्यहरूको पृष्ठभूमि र सम्पत्ति पारदर्शितामाथि प्रश्न उठाएका छन्, जसले प्रशासनको प्रारम्भिक भ्रष्टाचार विरोधी जनादेशलाई चुनौती दिएको छ।

राष्ट्रिय संकटको समयमा प्रत्यक्ष, पारदर्शी सार्वजनिक र संसदीय संलग्नताको सट्टा सामाजिक सञ्जाल मार्फत सञ्चार गरेकोमा प्रधानमन्त्री बालेन छानबिनको सामना गरिरहेका छन्।यो सम्पूर्ण घटनाक्रमको बाबजुद पनि, सप्ताहांतको विरोध प्रदर्शनको बारेमा प्रधानमन्त्री बालेन शाह वा उनको कार्यालयबाट कुनै सार्वजनिक प्रतिक्रिया आएन। विपक्षी र प्रदर्शनकारीहरूले उनको मौनतामाथि प्रश्न उठाइरहेका छन्।

लोकतन्त्रमा विरोध गर्ने अधिकार छ, तर हिंसा कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन। यदि कुनै पनि मुद्दामा प्रश्नहरू छन् भने, तिनीहरू द्वन्द्वबाट होइन, संवाद र संवैधानिक प्रक्रियाबाट समाधान गरिनुपर्छ। देशको राजनीतिको केन्द्रबिन्दु केवल विरोध मात्र होइन, समाधान हुनुपर्छ।

लोकतन्त्रमा, आफ्नो विचार व्यक्त गर्नु, शान्तिपूर्ण विरोध प्रदर्शन गर्नु र धरना मा बस्नु प्रत्येक नागरिकको संवैधानिक अधिकार हो। यद्यपि, गुण्डागर्दी, अपमानजनक भाषा, सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनु वा संवैधानिक कार्यालयहरूको मर्यादाको अपमान गर्नु लोकतान्त्रिक परम्परा अनुरूप हुदैन । असहमति को पनि एउटा मर्यादित र सभ्य रूप हुन्छ । जब मर्यादा, संवाद र संवैधानिक मूल्यमान्यताहरूलाई अधिकारसँगै समान रूपमा सम्मान गरिन्छ तब लोकतन्त्र बलियो हुन्छ।

नेताहरूले आफ्ना विरोधीहरूलाई पनि सम्मान गर्ने, उनीहरूको चिन्तालाई धैर्यपूर्वक सुन्ने र उनीहरूसँग सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने दिनहरू गए। आज राजनीतिमा असहिष्णुता बढ्दै गएको छ। कोही कसैको कुरा सुन्न तयार छैनन्। आक्रामकता उनीहरूको स्वभाव बनेको छ। राजनीतिक कार्यकर्ताहरूले तुच्छ कुरामा हिंसा गर्छन्, सरकारी सम्पत्तिलाई क्षति पुऱ्याउँछन्, र हिंसाको पनि सहारा लिन्छन्।

पहिले पहिले मानिसहरूले आफ्नो प्रतिष्ठित करियर त्यागेर राष्ट्रको सेवा गर्न राजनीतिमा प्रवेश गर्थे, तर अहिले राजनीति आफैंमा एउटा करियर बनेको छ। यो एक आकर्षक व्यवसायको रूपमा देखा परेको छ। जनप्रतिनिधि बन्नुले व्यक्तिको सम्पत्ति नाटकीय रूपमा बढाउन सक्छ। यसले राजनीतिमा प्रवेश गर्न र रहनको लागि तीव्र प्रतिस्पर्धा निम्त्याएको छ। शक्ति प्राप्त गर्न, तिनीहरूबाट लाभ उठाउने व्यक्ति वा समूहहरू जुनसुकै हदसम्म जान्छन्। तिनीहरूले आफ्ना विरोधीहरूलाई निराश पार्न हिंसाको पनि सहारा लिन्छन्। हरेक दलले




अन्ततः, संवाद, सहमति र समाधान सबैभन्दा ठूलो विजय हुन्। विद्यार्थी र युवाहरूको समस्यालाई सम्बोधन गर्नु पनि महत्त्वपूर्ण छ। युवाहरू कुनै पनि राष्ट्रको ऊर्जा हुन्। यदि उनीहरूको आशा र अपेक्षालाई बेवास्ता गरियो भने, असन्तुष्टि स्वाभाविक रूपमा बढ्नेछ। त्यसकारण, सरकारले युवाहरूसँग नियमित संवाद स्थापित गर्नुपर्छ, समयमै उनीहरूको समस्याहरू सुन्नु पर्छ र समाधानको लागि ठोस कदम चाल्नु पर्छ। साथै, युवाहरूले बुझ्नुपर्छ कि हिंसा उनीहरूको आन्दोलनको सबैभन्दा ठूलो शत्रु हो। ढुङ्गा र लाठीले कुनै पनि समस्या समाधान गर्दैन; तिनीहरूले संवादको पुल मात्र भाँच्छन्।

आजको आवश्यकता लोकतन्त्रलाई अझ परिपक्व बनाउनु हो। हामीले त्यस्तो राजनीतिक संस्कृति विकास गर्नुपर्छ जसमा विरोध होस्, तर वैमनस्य होइन। मतभेद हुन सक्छ, तर मतभेद होइन। द्वन्द्व हुन सक्छ, तर हिंसा होइन। लोकतन्त्रमा बहस जति तीव्र हुन्छ, राष्ट्र त्यति नै बलियो हुन्छ। तर यदि हिंसाले बहसलाई प्रतिस्थापन गर्छ भने, लोकतन्त्रको आत्मामा चोट पुग्नेछ। गत वर्ष माइतीघर मण्डलादेखि संसदसम्म जे भयो, त्यसलाई लोकतान्त्रिक आदर्श भन्न सकिँदैन। यो कुनै पनि परिपक्व राजनीतिक सोचको सूचक होइन। राष्ट्र निर्माणको बाटो द्वन्द्व होइन, सहकार्य हो। सहमति हो, हिंसा होइन। उदारता हो, अतिवाद होइन। त्यसकारण, सबै दलहरूले आफ्ना मागहरूभन्दा माथि उठेर राष्ट्रिय हितलाई प्राथमिकता दिनु आवश्यक छ।

आज देशलाई द्वन्द्वभन्दा संवादलाई प्राथमिकता दिने नेतृत्व र जनचेतनाको आवश्यकता छ। सरकारले उदारता र संवेदनशीलता प्रदर्शन गर्नुपर्छ, प्रदर्शनकारीहरूले संयम र अनुशासनको अभ्यास गर्नुपर्छ, र राजनीतिक दलहरूले अल्पकालीन लाभभन्दा लोकतन्त्रको दीर्घकालीन सुदृढीकरणलाई प्राथमिकता दिनुपर्छ। यो भारतको लोकतान्त्रिक परम्पराको वास्तविक पहिचान र भविष्यको आवश्यकता हो।

राजनीतिको अपराधीकरणको बाहिरी रूपमा विरोध गर्न सक्छ, तर लगभग सबै दलहरूमा आपराधिक प्रवृत्ति भएका व्यक्तिहरूको उल्लेखनीय संख्या हुन्छ। यसबाहेक, प्रमुख नेताहरूले पनि कहिलेकाहीं जातीय वा साम्प्रदायिक परिचालनलाई बढावा दिने र समाजमा तनाव सिर्जना गर्ने बयान दिन्छन्। राजनीतिज्ञहरूमा व्यापक सामाजिक मुद्दाहरूमा राजनीतिमा संलग्न हुने आत्मविश्वासको कमी हुन्छ। समाजलाई एकताबद्ध गर्ने सकारात्मक राजनीति हाम्रो प्रणालीमा दुर्लभ भएको छ। विकासको कुरा गर्दा पनि नेताहरू प्रायः जात र धर्मको सहारा लिन्छन्।

लोकतन्त्रको सबैभन्दा ठूलो विजय कुनै एक दलको विजय होइन, बरु त्यो क्षण हो जब विपक्षी पक्षहरू पनि एकअर्काको कुरा सुन्न र बुझ्न इच्छुक हुन्छन्। यो आदर्श लोकतन्त्रको पहिचान हो र विकसित नेपालको सबैभन्दा बलियो जग हो। संसद लोकतन्त्रको सर्वोच्च मन्दिर हो। माइतीघर मण्डला लोकतान्त्रिक विरोधको प्रतीक हो। यदि यी दुई बीच हिंसा, तोडफोड र अराजकता फैलियो भने, यसले राजधानीमा मात्र सीमित हुँदैन, तर देश र विश्वभर लोकतन्त्रको छविलाई असर गर्छ। सुनसरीमा एक प्रदर्शनकारीको मृत्युको विरोधमा भएको विरोध अब सिरहा र धनुषासम्म पुगेको छ। तराई र मधेश क्षेत्रका विभिन्न भागहरूमा मानिसहरू विरोध प्रदर्शन गरिरहेका छन्।

यस घटनाले टाइम पत्रिकाको उदीयमान युवा नेताहरूमाझ नाम लेखाइएका काठमाडौंका पूर्व मेयर शाहलाई असहज स्थितिमा राख्छ, जहाँ उनलाई पदमा पुग्न प्रेरित गर्ने जनसांख्यिकीय क्षेत्रबाटै अशान्तिको सामना गर्नुपरेको छ।

"युवाहरूका लागि ठूलो विजयको प्रतीक बनेका बालेनले आफ्नो कालो चस्मा फुकालेर वास्तविकताको सामना गर्नुपर्छ। उनले जनतालाई गरेका वाचाहरूलाई वास्तविकतामा परिणत गर्ने आफ्नो प्रतिबद्धता प्रदर्शन गर्नुपर्छ ।"

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दिनको सुरुवाती समयमा केही अलमल वा मानसिक चिन्ता रहन सक्छ । |
| वृष : | दिनभरिको समय निकै फलदायी रहनेछ। |
| मिथुन : | कार्यक्षेत्र र व्यापार व्यवसायका लागि आजको दिन निकै उत्तम छ । |
| कर्कट : | धार्मिक र सामाजिक कार्यमा रुचि बढ्नेछ । |
| सिंह : | वादविवाद र जोखिमपूर्ण कामबाट टाढै रहनुहोला । |
| कन्या : | दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन सुखद रहनेछ । |
| तुला : | शत्रु र प्रतिस्पर्धीहरुमाथि तपाईको जित हुनेछ । |
| वृश्चिक : | बौद्धिक, साहित्यिक र रचनात्मक कार्यका लागि आजको दिन उत्कृष्ट छ । |
| धनु : | पारिवारिक वातावरण केही असन्तुष्टि वा विवाद देखिन सक्छ । |
| मकर : | पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ। |
| कुम्भ: | आर्थिक दृष्टिकोणले आजको दिन निकै बलियो छ । |
| मीन: | नयाँ वस्त्र वा उपहार प्राप्ति हुन सक्छ। मान-सम्मानमा वृद्धि हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सुनसरी घटनाको न्यायिक छानबिन गर्न माग



काठमाण्डु । प्रतिनिधिसभाको बैठकमा सांसदहरुले सुनसरी घटनाको सत्यतथ्य छानबिन गर्न न्यायिक छानबिन समिति गठन हुनुपर्ने माग गर्नुभएको छ।

बैठक सुरु हुनासाथ प्रतिपक्ष दलका सांसदहरु उठ्नुभएपछि बोल्न दिइएको समयमा नेपाली कांग्रेसका सांसद निश्कल राईले सुनसरी घटनाको निष्पक्ष छानबिन गरी प्रतिवेदन सार्वजनिक गर्न माग गर्नुभयो।

उहाँले सो घटनाका बारेमा सामाजिक सञ्जालमा अफबाह फैलाउने पक्षलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद राईले राज्य प्रत्येक नागरिकको संरक्षक हुने भएकाले सोहीअनुसार भूमिका निर्वाह गरी राष्ट्रिय एकता र सामाजिक सद्भावका पक्षमा सबै एक हुनुपर्नेमा जोड दिनुभयो।

सांसद राईले गत जेठ १७ गते प्रधानमन्त्रीले संसद्मा दिनुभएको अभिव्यक्तिका विषयमा जवाफ आउनुपर्ने र सदनको अभिलेखबाट सो भनाइ हटाउनुपर्ने माग गर्नुभयो।

नेकपा (एमाले) का सांसद गुरुप्रसाद बरालले सुनसरी घटनापछि फैलिएको अराजक गतिविधि सबैको प्रयासपछि साम्य भएकामा खुसी व्यक्त गर्दै यस किसिमका घटना पुनः दोहोरिन नदिन र त्यसमा संलग्न दोषीलाई कानुनी दायरामा ल्याई विधिको शासन कायम गर्न निष्पक्ष छानबिन हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

उक्त घटनाका कराण जलेका घर तथा सवारीसाधनको क्षतिपूर्ति दिन सकिने तर व्यवसायीमा पर्न गएको मानसिक पीडालाई कम गर्न नसकिने भएकाले मुलुकलाई दीर्घकालसम्म असर पुर्याउने यस किसिमको संवेदनशील घटनालाई सोहीअनुसार सम्बोधन गर्न सुझाव दिनुभयो। उहाँले सुनसरी घटनापछि अहिले मुलुकका औद्योगिक घराना आतङ्कित भएको उल्लेख गर्दै दिगो शान्ति र सुव्यवस्था कायम गर्न दीर्घकालीन सोचका साथ अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेपाली कम्युनिष्ट पाटी (नेकपा) सांसद बलावती शर्माले सुनसरीमा भएको घटनालाई सबैले मिलेर नियन्त्रणमा ल्याउन गरेको प्रयास निकै सञ्हानीय भएको भन्दै उक्त घटनाको सत्यतथ्य छानबिन गर्न माग गर्नुभयो।

उहाँले पीडित नागरिकले प्रधानमन्त्रीको भौतिक उपस्थिति खोजिरहेको भन्दै सो घटनाप्रति सरकार जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले पश्चिम नेपालस्थित सुस्तामा भएको भूमि समस्याका विषयमा सरकारको ध्यानाकर्षण गराउँदै समाधानका पक्षमा पहल गर्न सरकारसँग अनुरोध गर्नुभयो।

श्रम संस्कृति पार्टीका सांसद हर्क साम्पाङ राईले केही समयअघि जनकपुर मन्दिर क्षेत्रमा आफ्नो पार्टीका नेता कार्यकर्तामाथि कुटपिट भएको जानकारी गराउँदै त्यस घटनामा संलग्न दोषीमाथि के कस्तो कारबाही भएको छ, सो विषयमा जानकारी गराइयोस् भन्नुभयो।रासस

# लक्ष्मी खड्काको मृत्युबारे निष्पक्ष छानबिन गर्नुपर्ने माग



वीरगञ्ज । लक्ष्मी खड्का सिलवालको मृत्यु शङ्कास्पद रहेको भन्दै उहाँका माइती पक्षले निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाहीको माग गरेका छन्।

पीडित माइती पक्षले सोमबार पत्रकार सम्मेलन गरी पर्साको सखुवा प्रसौनी गाउँपालिका-१ सिद्धपुरकी ३७ वर्षीया सिलवालको हत्या भएको भन्दै शीघ्र न्यायका लागि अनुरोध गरेको छ।

ठोरी गाउँपालिका-३ रामनगर माइती भएकी खड्काको शव साउन ८ गते बिहान आफ्नै घरछेउको गोठमा झुन्डिएको अवस्थामा भेटिएको थियो।

मृतक खड्काका बाबु खड्कबहादुरले घटनाको सत्यतथ्य छानबिन र दोषीलाई कारबाहीको माग गर्नुभयो।

पीडितले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पनि ज्ञापनपत्र बुझाइसकेका छन्।

खड्कबहादुरले भन्नुभयो, "पहिले पनि उहाँको श्रीमान्ले रातदिन कुटपिट गर्दै आएको थियो, छोरीले मलाई कुन दिन मार्छन् भनेकी थिइ, ऊ आफैँ झुन्डिएको प्रमाण केही पनि छैन, हामीलाई न्याय दिनुपर्छ।"

ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले लक्ष्मीको हत्या गरिएको हो भन्ने पर्याप्त प्रमाण भएको उल्लेख गर्दै घटनाबारे गहिरो अनुसन्धान गर्न सम्बन्धित निकायसँग अनुरोध गर्नुभयो। रासस

# पुष्टि भएका तथ्य मात्र सम्प्रेषण गर्न प्रहरीको अनुरोध



वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साले वालबालिका विरुद्धको कसुर सम्बन्धमा स्रोतबाट पुष्टि भएका तथ्य मात्र प्रकाशन/प्रसारण गर्न अनुरोध गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले सोमबार ध्यानाकर्षण गराउँदै सबै सञ्चारमाध्यमलाई आधिकारिक स्रोतबाट पुष्टि भएका तथ्यमात्र सम्प्रेषण गर्न आग्रह गर्नुभयो। उहाँले अनुसन्धान सम्पन्न नभएसम्म अपुष्ट र भ्रामक सामग्री प्रसारण नगर्न ध्यानाकर्षण गराउनुभयो।

यही साउन ९ गते वीरगञ्ज महानगरपालिका-१३ राधेमाई टोलस्थित एक बालिकालाई बालबालिकाविरुद्ध कसुर भएको भनी जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता भएको थियो।

उक्त जाहेरी प्राप्त भएलगत्तै प्रहरी टोली परिचालित भई निखिलसिंह राजपुतलाई नियन्त्रणमा लिएको थियो । राजपुतलाई बालबालिकाविरुद्धको कसुरमा प्रचलित कानुनबमोजिम अनुसन्धान भइरहेको छ।

अनुसन्धानका स्थापित सिद्धान्त तथा प्रमाणका आधारमा निष्पक्ष, स्वतन्त्र र गोपनीय रूपमा अनुसन्धान भइरहेको विषयमा अनुमान, अपुष्ट सूचना वा एकपक्षीय आधारमा प्रकाशित समाचारले अनुसन्धान प्रक्रियामा प्रतिकूल प्रभाव पार्नसक्ने प्रहरीको भनाइ छ।

यस्ता क्रियाकलापबाट सम्बन्धित पक्षको अधिकारमा असर पर्न सक्ने तथा सर्वसाधारणमा भ्रम सिर्जना गर्नसक्ने उल्लेख गर्दै प्रवक्ता मल्लले ती कार्यप्रति गम्भीर चासो व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो, "प्रहरी निष्पक्ष, पारदर्शी र कानुनसम्मत अनुसन्धान गर्न प्रतिबद्ध छ। अनुसन्धान सम्पन्न भएपछि कानुनबमोजिम सार्वजनिक गर्न मिल्ने विवरण आधिकारिक रूपमा जानकारी गराइन्छ।" रासस

# गाडीसहित भन्सार छलीको सामान बरामद



**टुडे समाचारदाता**

जनकपुरधाम । भन्सार छली गरी नेपाल भित्रियाइएका २३ लाख ३० हजार बराबरको गाडी सहितका मालसमान धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ।

भन्सार छलीका सामान तथा ती सामान ओसारपसारमा प्रयोग गरिएको ईभी भ्यान सहित एक जनालाई नियन्त्रणमा समेत लिइएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले मंगलबार जारी गरेको जानकारी अनुसार विशेष सूचनाका आधारमा गरिएको कारबाहीमा भन्सार छली गरी ल्याइएका विभिन्न सामान र ती सामान बोकेको ईभी भ्यान बरामद गरिएको हो।

बलुवा प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले जनकपुर उपमहानगरपालिका-८, रत्नसागर क्षेत्रमा चेकजाँचका क्रममा रत्नसागरबाट मुजेलियातर्फ जाँदै गरेको बा.प्र.०६-००१ ज ००८४ नम्बरको यात्रुवाहक ई.भी. भ्यानलाई शंकाको आधारमा रोकि जाँच गर्दा भ्यानभित्र भन्सार छली गरी ल्याइएका विभिन्न सामान फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीले सो गाडीबाट १ लाख २० रुपैया बराबरको २८ कार्टुन मालकिस्ट बिस्कुट १० हजार मूल्य बराबरको ११८ प्याकेट नरिवल चकलेट र २२ लाख मूल्य बराबरको ई.भी. भ्यान गरी अन्दाजी २३ लाख ३० हजार मूल्य बराबरको भन्सार छलीका सामाग्री नियन्त्रणमा लिएको हो।

घटनामा संलग्न भ्यान चालक जिल्ला सिरहा, मिर्चैया नगरपालिका-९, धर्मपुर बस्ने अन्दाजी २० वर्षीय बाबुराम लिम्बुलाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाइएको धनुषा प्रहरीले जनाएको छ।

अनुसन्धानका क्रममा बरामद सामान सम्बन्धी कुनै बिलबिजक पेश गर्न नसकेपछि आवश्यक कानुनी कारबाहीका लागि मंगलवार नै भन्सार कार्यालय, जनकपुर पठाइएको र घटनाबारे थप अनुसन्धान अघि बढाइएको धनुषा प्रहरीले जनाएको छ।

# फरार ८ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ८ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।



जिल्ला प्रहरी कार्यालय धनुषाले मंगलबार एक प्रेस विज्ञप्ति जारी गरी पक्राउ परेकाहरूलाई धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयनका क्रममा खोजतलास गरी नियन्त्रणमा लिइएको जनाएको छ।

पक्राउ परेका सबैलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला अदालत धनुषामा पेश गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पक्राउ परेकामध्ये सवारी ज्यान मुद्दाका एक प्रतिवादीलाई १५ दिन कैद र दुई हजार रुपैयाँ जरिवाना तोकिएको थियो । यस्तै दुई जनालाई एक-एक वर्ष कैद र पाँच-पाँच हजार रुपैयाँ जरिवानाको फैसला भएको थियो। चोरी मुद्दाका दुई प्रतिवादीलाई क्रमशः एक महिना कैदसँगै एक लाख ६० हजार रुपैयाँ तथा एक लाख १३ हजार रुपैयाँ जरिवाना तोकिएको थियो।

जालसाजी मुद्दाका दुई प्रतिवादीमध्ये एक जनालाई १२ हजार ५०० रुपैयाँ जरिवाना तथा अर्कोलाई कैद सजाय नभई १२ हजार ५०० रुपैयाँ जरिवानाको फैसला भएको थियो। लागुऔषध मुद्दाका एक प्रतिवादीलाई भने एक वर्ष ६ महिना कैद र १० हजार रुपैयाँ जरिवानाको फैसला भएको प्रहरीले जनाएको छ।

धनुषा प्रहरीले अदालतका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने अभियानअन्तर्गत फरार प्रतिवादीको खोजी तथा पक्राउ कार्यलाई निरन्तरता दिँइदै आएको जनाएको छ।

# बिना रोकावट ग्यास वितरण गर्ने निर्णय

**टुडे समाचारदाता**

मलंगवा। गत दुई सातादेखि खाना पकाउने एलपी ग्यासको अभाव भएका विषयमा हिजो सर्लाहीमा सरोकारवालबिच छलफल गरिएको छ। जिल्ला प्रशासन कार्यालय सर्लाहीको अगुवाइमा ग्यास बिक्रेता, उद्योग वाणिज्य संघलगायत निकायका प्रतिनिधिबिच बैठक गरिएको हो।

सो बैठकले ग्यास उद्योग तथा आयातकर्ताबाट प्राप्त हुने ग्यासको कोटा पूर्णरुपमा जिल्लाभित्र भित्याइ खुद्रा बिक्रेता वा आम नागरिकलाई बिना रोकावट सहज र पारदर्शी रुपमा वितरण गर्ने निर्णय गरेको सहायक सिडिओ होमप्रसाद घिमिरेले बताएका छन्।

ग्यासको कालाबजारी, अस्वभाविक मुल्यवृद्धि र कृत्रिम अभाव सिर्जना हुन नदिन अनुगमन गर्ने, अनुगमनको क्रममा गडबढी भेटिए कारवाही गर्ने, खुद्रा बिक्रेता र डिलरसमेतले ग्यासको मुल्य सूची र मौज्दात विवरण उपभोक्ताले स्पष्ट देख्ने गरी अनिवार्य रुपमा पसलमा राख्ने, ग्यास सिलिन्डर लैजाने व्यक्तिको नाम, मोवाइल नम्वर अभिलेख राख्नेसहितका निर्णय समेत गरएको जनाइएको छ।

जिल्लामा खाना पकाउने ग्यासको अभाव भएको गुनासोपछि ग्यास बिक्रेतालगायत अन्य सरोकारवालासँग छलफल गरिएको हो। अहिले प्रत्येक डिलरहरुमा ग्यास सिलिन्डर आउँदा उपभोक्ताको भीडभाड लाग्ने गरेको छ।


## राहदानी हरायो

मिती २०८३।०२।२५ गते मुजेलियाबाट पिडारी चौकसम्म जादै गर्दा मेरो निम्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्म ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : भगवान केवट मल्लाह**
**ठेगाना : जनकपुरधाम उ.म.न.पा.-१४**
**राहदानी नम्बर : ०७९५६९१३**
**मो.नं. : ९८१४८८७८८४**



## श्री शंकर जनता माध्यमिक विद्यालय
### औरही गा. पा.-६, चक्कर, धनुषा
### सूची दर्ता सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति: २०८३/४/२०)

यस विद्यालयका लागि आ. व. २०८३/०८४ मा तपसिल बमोजिमका सामान तथा सेवा खरिद गर्नका लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली-२०६४, सार्वजनिक खरिद ऐन-२०६३ तथा सार्वजनिक खरिद नियमावली-२०६४ बमोजिम सूची दर्ता गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र औरही गा. पा.-६ अन्तर्गत यस विद्यालयमा सूची दर्ताका लागि आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. विभिन्न प्रकारका फर्निचर तथा फर्लिसिङ्ग सामानहरु (बेन्च, डेस्क तथा ल्याब फर्निचर)
२. प्राविधिक धार तर्फ (सिभिल सब इन्जिनियर) का सामान खरिद र ल्याब व्यवस्थापन
३. परामर्श दाता तथा अन्य सेवा सम्बन्धी
४. निर्माण कार्य सम्बन्धी (नमूना तर्फका भवनहरु)
५. विद्युतीय सामग्री, कम्प्युटर जन्य उपकरण, स्मार्टबोर्ड एवम् मरम्मत सम्भार

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:**

१. फर्म तथा कम्पनीको प्रमाणित प्रतिलिपि।
२. स्थायी लेखा नम्बर, मु. अ. कर दर्ता प्रमाण पत्रको प्रतिलिपि।
३. औरही गा. पा. मा रहेका व्यवसायहरुको हकमा व्यवसाय प्रमाण पत्रको प्रतिलिपि।
४. आ. व. २०८३/०८४ को व्यवसाय कर लगायत सबै कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि।

**अन्य जानकारीहरू:**

१. म्याद अघि आएको आवश्यक प्रमाण पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही गर्ने छैन।
२. स्वीकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरु बाट कार्यालयको आवश्यकता अनुसारको सामान तथा सेवा खरि गरिने छ।
३. सूचीकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरुले सन्तोषजनक सेवा वा सामान सप्लाई नगरेको खण्डमा सूचीबाट हटाइने छ। यस उपर कुनै दावी विरोध गर्न पाइने छैन।
४. कम्पनी, फर्म वा संस्था सूचीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
५. यस सूचना अनुसार दर्ता भएका सूची आ. व. २०८३/०८४ का लागि मात्र मान्य हुनेछ।

**प्रधानाध्यापक**



मधेश प्रदेश सरकार
### शिक्षा तथा संस्कृति मन्त्रालय
## शिक्षा विकास निर्देशनालय
### जनकपुरधाम, धनुषा
## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२०**

यस निर्देशनालयको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दुधौली, सिन्धुलीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०४/२० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| नर सिंह बहादुर हमालको नाति, सुरेन्द्र बहादुर हमालको छोरा, सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ८ बस्ने **अश्विन हमाल** (ना.प्र.नं. २०१०४४/१७३, जारि मिति २०६७/०७/२९, जि.प्र.का. सिन्धुली)। | नर सिंह बहादुर हमालको बुहारी, सुरेन्द्र बहादुर हमालको पत्नी, सिन्धुली जिल्ला, साविक लदाभिर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ८ बस्ने **लेचन हमाल** (ना.प्र.नं. ३३८६/४९९२, जारि मिति २०४४/११/१९, जि.प्र.का. सिन्धुली)। |
| **धितोको विवरण** | |
| लेचन हमाल (ना.प्र.नं. ३३८६/४९९२, जारि मिति २०४४/११/१९, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ क हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ८ स्थित कि.नं. ६५, ८५ र ८६ को क्षेत्रफल क्रमशः ०-२-२-२, ०-२-०-० र ०-१०-९-० (विगाहा) र सिन्धुली जिल्ला, साविक दुधौली न.पा. वडा नं. ८ नक्सा सिट नं. ८ क हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ८ स्थित कि.नं. २, ३ र १३ को क्षेत्रफल क्रमशः ५६२, २७४ र १६० (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

Siddhartha Bank

शाखा कार्यालय : दुधौली, सिन्धुली
फोन नं. ०४७-४१२०२१
Website : www.siddharthabank.com

# मधेशका विभिन्न स्थानमा दुर्घटना, ६ को मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका विभिन्न जिल्लामा भएको छुट्टाछुट्टै सडक दुर्घटनामा १२ वर्षीय बालकसहित पाँच जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । प्रहरीका अनुसार बारा, सर्लाही, महोत्तरी र सप्तरीमा दुर्घटना भएको हो ।

बाराको जितपुरसिमरा उपमहानगरपालिका-२३ भलुही चोकमा प्रदेश २-०३०२ प ११११९ नम्बरको मोटरसाइकलले साइकललाई ठक्कर दिँदा पर्साको वीरगञ्ज महानगरपालिका-३२ निवासी ३२ वर्षीय राजेश महतो र साइकलमा पछाडि सवार उनका १२ वर्षीय छोरा कनाई महतो घाइते भएका थिए ।

दुवैलाई उपचारका लागि परवानीपुरस्थित एल.एस. न्युरो अस्पताल लगिएकोमा उपचारकै क्रममा कनाई महतोको मृत्यु भएको प्रहरीले जनाएको छ। राजेश महतोको उपचार जारी रहेको छ ।

सर्लाहीको हरिवन नगरपालिका-४ गणेश चोकमा बिहान करिब ७ बजे साइकलमा सवार हरिपुर नगरपालिका-५ लक्ष्मीपुर निवासी करिब ५० वर्षीय पंचलाल चौधरीलाई मधेश प्रदेश ०३-००२ ख ११९४ नम्बरको ट्रकले ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको थियो ।

यस्तै, महोत्तरीको गौशाला नगरपालिका-५ स्थित बीके अस्पताल अगाडि बा.प्र.०२-०५० प ५४८४ नम्बरको मोटरसाइकलले पैदलयात्री ८० वर्षीया खैतुन खातुन र उनका ५ वर्षीय नाति तोकिर अन्सारीको ठक्करबाट मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका दुवैलाई उपचारका लागि जनकपुर स्थित नेपाल अपोलो अस्पताल लगिएकी खैतुन खातुनलाई चिकित्सकले मृत घोषणा गरेका छन् भने तोकिर अन्सारीको उपचार भइरहेको छ ।

सप्तरीको महादेवा गाउँपालिका-१ चिमटीमा तीव्र गतिका कारण स ०१-००६ प २४९६ नम्बरको मोटरसाइकल कल्भर्टमा ठोक्किएर करिब १५ फिट तल खस्दा चालक ३५ वर्षीय सन्तोष राम र पछाडि सवार ४५ वर्षीय शंकर राम गम्भीर घाइते भएका थिए ।

दुवैलाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल लगिएकोमा चालक सन्तोष रामको उपचारकै क्रममा मृत्यु भएको थियो। थप उपचारका लागि विराटनगरस्थित गोल्डेन अस्पताल लगिएका शंकर रामलाई पनि चिकित्सकले मृत घोषणा गरेका छन् ।

ट्रकको ठक्कर, मोटरसाइकलको लापरवाही र तीव्र गतिका कारण भएका दुर्घटनाले प्रदेशमा सडक सुरक्षाप्रति गम्भीर चिन्ता थपिएको छ । प्रहरीले सबै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ ।

पछिल्ला दिनमा मधेश प्रदेशमा सडक दुर्घटनाका घटना बढ्दै गएको भन्दै ट्राफिक नियमको कडाइका साथ पालना, सवारी चालकको सतर्कता तथा सुरक्षित गति अपनाउन सम्बन्धित निकायले जोड दिनुपर्ने देखिएको छ ।

# महेन्द्र राजमार्गको निर्माण कार्य समय सकाउन निर्देशन

**टुडे समाचारदाता**

मलंगवा । धनुषा, महोत्तरी र सर्लाही जोड्ने सडक खण्ड महेन्द्र राजमार्ग विस्तारमा ढिलाइ भइरहेकोप्रति प्रतिनिधि सभाको पूर्वाधार विकास समितिले चासो व्यक्त गरेको छ ।

उक्त समितिका सभापति एवं सांसद आशिष गजुरेलले निर्माणाधीन राजमार्गको निरीक्षण गर्दै निर्धारित समयमै काम सक्न निर्देशन दिएका छन् । विश्व बैंकको ऋण सहयोगमा धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर राजमार्ग तीन वर्षभित्र एसियाली मापदण्ड अनुसार चार लेनको बनाउने गरी करार सम्झौता भएको छ ।



तर डेढ वर्ष बितिसक्दा भर्खर २६ प्रतिशत मात्र काम भएको छ । अहिलेसम्म ५० प्रतिशत काम भइसक्नुपर्नेमा अति नै सुस्त गतिमा काम भएको पाइएपछि पूर्वाधार विकास समितिका सभापति गजुरेलले चासो व्यक्त गरेका छन् ।

गजुरेलले महेन्द्र राजमार्ग विस्तारलाई वर्तमान सरकारले उच्च प्राथमिकतामा राखेकाले कुनै बहानाबाजी नगरी निर्धारित समयमै काम सक्न निर्माण व्यवसायी, परामर्शदाता र राजमार्ग आयोजनालाई निर्देशन दिएको छ । पूर्वाधार विकास समितिका सभापति गजुरेलले समयमै काम नसक्दा आमनागरिकले यात्रा गर्दा दुःखकष्ट खेप्नुपर्ने विषयमा निर्माण व्यवसायीलाई गम्भीर ध्यानाकर्षण गराएका छन् ।

यस्ता परियोजनाको सफल निर्माण सम्पन्न गर्न नसके नागरिकमा पुरानै किसिमको नैराश्य आउन सक्नेतर्फ सरकार गम्भीर रहेको गजुरेलको भनाइ छ । कमला-ढल्केबर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) का आयोजना प्रमुख (प्रोजेक्ट म्यानेजर) राजेशकुमार दासका अनुसार अब डेढ वर्षमा राजमार्ग विस्तारको बाँकी ७५ प्रतिशत काम सक्नुपर्ने बाध्यता छ ।

उनका अनुसार कमलादेखि बागमतीसम्मको ७४.७५ किलोमिटर सडकमध्ये बस्ती भएको र बजार एरियामा सर्भिस लेनसहित साढे ११ किलोमिटर सडकलाई छ लेनको र बाँकी ठाउँमा चार लेनमा विकास गरिने छ। ७४.७५ किलोमिटर दुरीमा ५० वटा पुल, १०२ वटा कलभर्ट र पाँच वटा ओभरपास निर्माण गर्नुपर्ने सडक आयोजनाले जनाएको छ ।

६५ वटा कलभर्ट निर्माण सम्पन्न भइसकेका छन् भने २८ वटा पुलको सबस्ट्रक्चर निर्माणको काम सकिएका छन्। ५० प्रतिशत समय व्येतीत भइसक्दा पनि २६ प्रतिशत मात्र भौतिक प्रगति हुनुको कारण प्रतिनिधि सभाको चुनाव, मध्यपश्चिम देशमा जारी द्वन्द्वको प्रभाव, माटो उपलब्ध नहुनु, बिजुलीको पोल समयमै नसारिनु र साइड क्लियरमा ढिलाइ रहेको आयोजनाका प्रमुख दासको भनाइ छ ।

लामो प्रयासपछि राजमार्ग विस्तार गर्न रुख कटानको काम भए पनि झन्झटिलो प्रक्रियाका कारण डिभिजन वन कार्यालयलाई रुख बुझाउन नसक्दा समस्या परिरहेको उनले गुनासो गरे । अहिलेसम्म पनि पूर्ण रूपमा बिजुलीको पोल सार्ने काम नहुँदा आमजनतालाई हैरीन भइरहेको उनले समेत बताए ।

परामर्शदाता कम्पनीका आवासीय इन्जिनियर विनोदकुमार गौतमले निर्माण सामग्रीको सहज उपलब्धता भए अझै पनि बाँकी डेढ वर्षभित्रैमा राजमार्ग विस्तारको सम्पूर्ण काम सक्ने अवस्था रहेको दाबी गरेका थिए ।

राजमार्ग विस्तारको काममा सहजीकरण गरिरहेको कन्सल्टेन्ट कम्पनीका इन्जिनियर गौतमले साइड क्लियर गर्ने काममा सहयोग गरिदिन सरकारसँग आग्रह गर्नुभयो। रसुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चरका प्रतिनिधि निरञ्जन पुडासैनीले आयोजनाको काम सुरु भएको डेढ वर्ष भए पनि रुख कटान सकिएको चार महिना मात्र भएको बताए ।

सडक आयोजनाको लट-२ मा २९ किलोमिटर सडकमध्ये २२ किलोमिटर त जंगल क्षेत्र पर्ने भएकाले रुख कटान नै भर्खरै भएकाले कामको प्रगति नदेखिएको पुडासैनीले दाबी गरे । कमला-ढल्केबर-पथलैया सडक आयोजना अन्तर्गत पश्चिम खण्डमा पर्ने बागमती पुलदेखि पथलैयासम्मको करिब ५५ किलोमिटर खण्डको अहिले पनि ठेक्का लाग्न बाँकी रहेको छ ।

# स्कूल बस दुर्घटना, ६ घाइते



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको गौशाला नगरपालिका-९ डुमरवानास्थित भित्री सडकमा भएको एक स्कुले बस दुर्घटनामा चालकसहित ६ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार मंगलवार बिहान करिब ७:३० बजे स्थानीय मोर्डन शारदा शिक्षा सदन बोर्डिङ स्कुलको बा १ क ६१२ ९ नम्बरको बस इमली बजारबाट गौशालातर्फ जाँदै गर्दा अनियन्त्रित भई सडकबाट उखुबारीमा पल्टेर दुर्घटना भएको हो ।

दुर्घटनामा बस चालक गौशाला नगरपालिका-५ का ४० वर्षीय विजय भुजेलसहित गौशाला-११ का १० वर्षीय प्रतीक कुशवाहा, ८ वर्षीय प्रज्ज्वल कुशवाहा, १३ वर्षीया प्रिती कुशवाहा, गौशाला-९ का १३ वर्षीय उमर शेख र गौशाला-११ का ६ वर्षीय आदर्श कुशवाहा घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार घाइतेमध्ये अधिकांशको खुट्टा, नाक र कम्मरमा चोट लागेको छ। चालक विजय भुजेल र उमर शेखलाई थप उपचारका लागि बीके अस्पताल, गौशाला पठाइएको छ भने अन्य घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ।

दुर्घटनापछि प्रहरी चौकी कान्तिबजारबाट खटिएको प्रहरी टोली र स्थानीयवासीले तत्काल उद्धार गरी सबै घाइतेलाई उपचारका लागि अस्पताल पुर्‍याएका थिए। प्रारम्भिक अनुसन्धानमा बस अनियन्त्रित भएर दुर्घटना भएको जिप्रका महोत्तरीले जनाएको छ।

# नैतिक शिक्षा लागू गर्न सरकारलाई ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाडौ । नेपालमा नैतिक शिक्षा कार्यक्रमको आवश्यकता रहेको मधेशी आयोगले सरकारलाई ध्यानाकर्षण गराएका छन् । आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा आयोगले आफैं भने यसखालका केही कार्यक्रमहरु सञ्चालन गरेको समेत जनाएको छ ।

प्रतिवेदनमा नौतिक शिक्षा बारे आयोगले भनेको छ – 'मधेशी आयोगको ईच्छा : नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम' शीर्षक अन्तर्गत लेखिएको छ, 'आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ ।'




यस्तो सोचवाट ग्रसित समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती रहेको भन्दै आयोगले नैतिक शिक्षा कार्यक्रमको आवश्यकता औंल्याएको हो ।

आयोगको नजरमा नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोंचको विकास तथा क्षमताहरुको अभिवृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ । 'मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउदै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन्' प्रतिवेदनमा उल्लेख छ ।

परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आयोगको आग्रह रहेको छ ।

हाल पाठ्यक्रममा नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा रहेको छैन । तर, आयोगले यो आवश्यकता बोध गरेको भन्दै बारा जिल्लाको कलैया उपमहानगरपालिका, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्बिनि प्रदेशको बाँके जिल्लाको नेपालगंजमा यसखालको कार्यक्रम संचालन गरिएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार संवैधानिक निकायको रुपमा स्थापित मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ ।

नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक हो । यसलाई ख्याल गर्दै राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिंक, समुदाय जातजातीको हितमा काम गर्दै आएको आयोगले प्रतिवेदनमा जनाएको छ ।

यस्ता वर्ग र क्षेत्रका नागरिकलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्बन गरिएको प्रतिवेदनमा भनेको छ ।

# सामाजिक सञ्जालमा भ्रम फैलाएको आरोपमा तीनजना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सुनसरी घटनालाई लिएर मधेश प्रदेशका विभिन्न जिल्लामा घटेको घटना बारे सामाजिक सञ्जालमा उत्तेजिक भिडियो तथा भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सप्तरी प्रशासनले निगरानी बढाउँदै केही व्यक्तिलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रशासन कार्यालयले शाखा अधिकृत सन्तोष रायको संयोजकत्वमा ज्वाइन्ट अपरेशन सेल गठन गरी यस्ता गतिविभी गर्नेमाथि निगरानी बढाएको छ। निगरानी गर्ने क्रममा सामाजिक सञ्जालमा उत्तेजित सामग्री पोष्ट गर्ने तीन जनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ परेका मध्ये दुई जनालाई सम्झाई बुझाई छाडिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । पक्राउ परेका तिरहु गाउँपालिकाको वडा नम्बर ४ डिमन बस्ने २३ बर्षीय जफिर मियाँ र रुपनी गाउँपालिका वडा नम्बर १ बस्ने ३९ बर्षीय मुकेश यादवलाई सम्झाई बुझाई छाडिएको छ ।

त्यस्तै, राजविराज नगरपालिका ६ बस्ने २० बर्षीय छोटु कुमार मेस्तरलाई आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा राखिएको प्रशासन कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सामाजिक सञ्जालमा उत्तेजित सामग्री पोष्ट गर्ने १० जना भेटिएका छन् ।

छिन्नमस्ता गाउँपालिका वडा नम्बर ३ का आनन्द चौधरी, हनुमाननगर कंकालिनी नगरपालिका १४ का रामकुमार महतो, राजविराज नगरपालिका ६ का २८ बर्षीय विशाल चौधरी, राजविराज २ स्थित राजदेवी ड्राइभिङ सेन्टरका सञ्चालक ३५ बर्षीय आशिष यादव, सुरुङा नगरपालिका १० कदमाहाका दिनेश कुमार यादव छन् । उनीहरुले पोष्ट गरेको सामग्री हटाउन लगाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

त्यस्तै, विदेशमा रहेका व्यक्तिहरु पनि उत्तेजित सामग्री पोष्ट गर्ने गरेको पाइएको छ । राजविराज नगरपालिका ७ घर भई टर्कीमा रहेका सिनु साह र सुनसरीको हरिनगर गाउँपालिका ६ घर भई कतारमा रहेका २८ बर्षीय असिम अन्सारी पनि उत्तेजित सामग्री पोष्ट गरेको पाइएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८